सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल


प.स. : ०७८/७९

च.नं. : ८७८

मिति : २०७८/१०/२८

**विषय:- न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषय सम्बन्धमा रोजगारीको हकसम्बन्धी ऐन,२०७५ को दफा ११,रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ (पहिलो संसोधन२०७७) को दफा १८ बमोजिम (दोस्रो संसोधन निर्देशिका,२०७८) र "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६" आ.व. ०७९/०८० मा न्यूनतम आय भएका वा स्वरोजगार समेत नरेहेका १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकहरुले २०७८ फागुन १ गते देखि फागुन मशान्त सम्ममा आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धि विस्तृत जानकारी गाउँपालिकाको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www. Pmep.gov np /publication/othets बाट प्राप्त गर्न सकिनेछ ।

**आवश्य कागजातहरु:-**

- नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी १ प्रति
- पासपोर्ट साइजको फोटो १ प्रति
- निवेदनको बुँदा(३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण १४ नं. बुँदामा उल्लेख गर्नुपर्ने छ ।
- बेरोजगार व्यक्तिको अद्यावधिक विवरणको ढाँचा

..........................

दयाबहादुर बुढा

नि.प्रमुख प्रशासकीय अधिकृत

दया बहादुर बुढामगर

नि.प्रमुख प्रशासकीय अधिकृत


*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ-०५, रोल्पा,५ नं. प्रदेशनेपाल*
*कार्यालयको फोन नं. ९८४१०४९९५३ Website:*www.sunchhaharimun.gov.np *Email:*sunchhaharimun@gmail.com ,
info@sunchhaharimun.gov.np

सुनछहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.स. : ०७८/७९

चं.नं. : ८६६

मिति : २०७८/१०/२८

**श्री वडा कार्यालय (सबै)**
**श्री सुनछहरी गाउँपालिका**

**विषय:- बेरोजगार व्यक्तिको सूची दर्ता सम्बन्धी निवेदन भर्न आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषय सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रमले श्रमको सम्मान,राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७८/०७९ को कार्ययोजना तय गरेको व्यहोरा विदितै छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र यूवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला,आदिवासी,जनजाती र दलित समुदाय लगायतलाई समाजिक संरक्षण उपल्बध गराने उद्देश्य बमोजिम तहाँ वडा कार्यालयमा न्यूनतम रोजगार,नागरिकको अधिकार सम्बन्धी बेरोजगार व्यक्तिको सूचि दर्ता सम्बन्धी निवेदन भर्न आवश्यक सहजिकण गरिदिन अनुरोध छ ।

...........................
दया बहादुर बुढा
नि. प्रमुख प्रशासकीय अधिकृत

दया बहादुर बुढामगर
नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ-०५, रोल्पा,५ नं. प्रदेशनेपाल
कार्यालयको फोन नं. ९८४१०४९९५३ Website:www.sunchhaharimun.gov.np Email :sunchhaharimun@gmail.com ,
info@sunchhaharimun.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७८/७९
च.नं./PMEP २६०

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति:२०७८/१०/२६

श्री रोजगार सेवा केन्द्र, (सबै)

विषय: बेरोजगार व्यक्तिको सूची दर्ता सम्बन्धी सञ्चार एवम् निवेदन भर्न आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रमले श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७८/०७९ को कार्ययोजना तय गरेको व्यहोरा विदित्तै छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलव्ध गराउने उद्देश्य बमोजिम तहाँ स्थानीय तहमा "न्यूनतम रोजगार, नागरिकको अधिकार" सम्बन्धी सञ्चार अभियान सञ्चालनका लागि देहायका कार्य गर्न निर्णयानुसार निर्देशन दिइएको छः-

अभियान सञ्चालनका लागि गरिनु पर्ने कार्यहरु

१. सबै वडा कार्यालयमा निवेदन फाराम माघ महिनाको अन्त्य सम्म पुगेको सुनिश्चित गर्ने ।
२. फागुन महिना भरी बेरोजगार व्यक्तिको सूचीमा सहभागी हुन टोल/बस्तीस्तरमा सामुहिक भेला गरी उत्प्रेरणात्मक कार्य गर्ने।
३. आर्थिक र सामाजिक अवसरबाट वञ्चित बेरोजगार व्यक्तिहरुलाई निवेदन दिन प्रोत्साहन गर्ने एवम् आवश्यकता अनुसार निवेदन गर्न सहयोग उपलव्ध गराउने । यस कार्यमा आवश्यकता अनुसार जनप्रतिनिधि, नागरिक समाजको सहयोग लिने ।
४. फागुन महिनामा सबै वडा कार्यालयमा पुगेर वडा समितिलाई प्राप्त निवेदनको छानविन तथा सो को प्रक्रियाका सम्बन्धमा अभिमूखिकरण गर्ने ।
५. वडा कार्यालयबाट निवेदन संकलन गरी उक्त निवेदन पुर्ण रहेको सुनिश्चित गर्ने र हाल रोजगारीमा संलग्न भइरहेका बेरोजगार व्यक्तिले प्राप्त गरेको रोजगारी दिन निवेदनमा उल्लेख गराउने या संशोधन गर्ने ।
६. स्थानीय निर्देशक समितिसंग प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा वास्तविक बेरोजगार व्यक्तिको छनौट र विपन्न लक्षित पूर्वाधार छनौटको सम्बन्धमा फागुन महिनामा छलफल गर्ने ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७८/७९
च.नं./PMEP

७. फागुन र चैत्र महिनामा स्थानीय योजना तर्जुमा प्रक्रियामा विपन्न बेरोजगार व्यक्ति लक्षित सामाजिक र आर्थिक उन्नतीमा सघाउ पुर्‍याउने योजना छनौट गरी आयोजना बैङ्कको निर्माण गर्ने सम्बन्धमा अभिमूखिकरण गर्ने र उक्त आयोजनाको छनौटमा आवश्यक सहजिकरण गर्ने ।

८. बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ ले तोके बमोजिमको प्रक्रिया समेत पुरा गरी चैत्र महिना भित्र रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण प्रविष्ट गरिसक्ने ।

९. बेरोजगार व्यक्ति तथा प्राथमिकताक्रमको सूची सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रको सूचना पाटीमा सार्वजनिक गर्ने ।

थप जानकारीको लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा सम्पर्क राख्न सकिनेछ।

(उषा थपलिया(पाण्डे))
शाखा अधिकृत

अनुसुची-२

(नियम ७ को उपनियम (४) सँग सम्बन्धित)

## बेरोजगार व्यक्तिको अद्यावधिक विवरणको ढाँचा

रोजगार सेवा केन्द्र

सुनछहरी गाउँपालिका पोवाङ,रोल्पा

| बेरोजगार व्यक्तिको नाम थर | वतन | बेरोजगार व्यक्तिको जन्म मिति | बेरोजगार व्यक्तिको बाबुको नाम, थर | नागरिकता नं/नागरिकता जारी भएको जिल्ला | पारिवारिक संकेत नं. | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणित गर्नेको

नाम:-

दस्तखत:-

मिति:-